म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर


म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २५० २०८१ साउन १८ गते शुक्रबार 2 August 2024, Friday - पृष्ठ ८ मूल्य रू. ५/-




### हेटौंडा उपमहानगरद्वारा राजश्व दरमा व्यापक हेरफेर

# चर्को वृद्धि गरेको भन्दै व्यवसायीको विरोध



**समाज संवाददाता**

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षका लागि राजश्वको दरमा व्यापक हेरफेर गरेको छ। राजश्वका शीर्षकहरुमा हेरफेर गर्नुका साथै नयाँ शीर्षकहरुमा पनि उच्च दरको राजश्व कायम गरिएको छ। आर्थिक मन्दी, खुम्चिएको व्यावसायिक परिस्थितिमा स्थानीय सरकारले करको दरमा चर्को वृद्धि गरेको भन्दै व्यवसायीले विरोध गरेका छन् ।

राजश्व परिवर्तनको दर र क्षेत्रलाई हेर्दा अध्ययन, अनुसन्धान र कुनै वैज्ञानिक आधार बिना नै दर परिवर्तन गरिएको देखिन्छ । दुई सय, पाँच सय, एक हजार, दुइहजार, तीन हजार, पाँच हजारदेखि २० हजार रुपैयाँसम्म राजश्वको दर परिवर्तन भएको छ । नयाँ आर्थिक वर्ष लागेर राजश्व तिर्न पुगेको व्यवसायी र सर्वसाधारण राजश्वको वृद्धिदरबारे जानकारी पाएपछि आश्चर्यमा परेका छन् । व्यवसायी र सर्वसाधारणले राजश्व वृद्धिको विरोध गरेका छन् । आर्थिक मन्दीसँगै व्यवसाय नै बन्द गर्नुपर्ने बेलामा स्थानीय सरकारले सबैखाले राजश्वमा शतप्रतिशत भन्दा बढी राजश्व वृद्धि गरेको भन्दै मकवानपुर उद्योग वाणिज्य संघले विरोध जनाएको छ । मकवानपुर उद्योग वाणिज्य संघले बिहिबार उपमहानगरपालिकामा ध्यानाकर्षण गराउन जाने कार्यक्रम तय गरेको भए पनि नगरप्रमुख र उपप्रमुखले समय नदिएका कारण व्यवसायीले विरोधपत्र बुझाउन पाएनन् ।

अव्यवहारिकरुपमा राजश्वको दर परिवर्तन र शतप्रतिशत भन्दा बढी वृद्धिले व्यवसायी थप मर्कामा पर्ने भन्दै राजश्वको दर परिवर्तन नभए आन्दोलन गर्ने व्यवसायीको भनाइ छ । मकवानपुर उद्योग वाणिज्य संघका प्रमुख कार्यकारी अधिकृत सुजन सुवेदीका अनुसार बजेट निर्माणको क्रममा राजश्व परामर्श समितिमा संघका प्रतिनिधि सहभागी हुँदा राजश्वको दर परिवर्तन नगर्ने छलफल तथा निर्णय भए पनि अहिले अस्वभाविक र शतप्रतिशतभन्दा बढी वृद्धि भएको भन्दै आश्चर्य व्यक्त गर्नुभएको छ ।

गत आर्थिक वर्षमा बजार क्षेत्रमा कपडासहित सिलाई बुनाई गर्नेहरुलाई वार्षिक २ हजार रुपैयाँ राजश्व लिँदै आएको उपमहानगरले चालु आर्थिक वर्षका लागि ३ हजार रुपैयाँ राजश्व कायम गरेको छ । गत आर्थिक वर्ष सिलाई बुनाई मात्रै गर्नेहरुलाई एक हजार रुपैयाँ राजश्व लिँदै आएकोमा चालु आर्थिक वर्षमा एक हजार पाँच सय रुपैयाँ राजश्व निर्धारण गरेको छ। यस्तै गत आर्थिक वर्ष सिलाई बुनाई व्यवसायकै रुपमा रहेको बुटिक व्यवसायीलाई यस वर्षदेखि छुट्टै वर्ग बनाएर वार्षिक आठ हजार रुपैयाँ राजश्व तोकेको छ ।

गत वर्ष एक हजार पाँच सय रुपैयाँ राजश्व तिरेका ड्राइ क्लिनर्स व्यवसायीले चालु आर्थिक वर्षमा तीन हजार पाँच सय (१३३ प्रतिशतले बढी) तिर्नुपर्ने भएको छ । गत आर्थिक वर्ष सबैखाले सहकारी संस्थाहरुलाई वार्षिक दुई हजार पाँच सय रुपैयाँ राजश्व लिएको उपमहानगरले चालु आर्थिक वर्षमा सहकारीलाई वर्गीकरण गरेर १२ हजार रुपैयाँसम्म असुल्ने भएको छ । सबैभन्दा बढी बचत तथा ऋण सहकारी संस्थाले १२ हजार रुपैयाँ, बचत तथा ऋण सहकारी संस्थाले आठ हजार रुपैयाँ, दुग्ध र कृषि सहकारीले एक हजार पाँच सय रुपैयाँ र अन्य सहकारीले पाँच हजार रुपैयाँ राजश्व तिर्नुपर्नेछ ।

निजी अस्पतालले गत आर्थिक वर्ष १० हजार रुपैयाँ राजश्व तिरेका थिए भने चालु आर्थिक वर्षमा १८ हजार रुपैयाँ तिर्नुपर्ने भएको छ । विशेषज्ञ क्लिनिकले गत आर्थिक वर्षमा छ हजार रुपैयाँ तिरेको थियो भने चालु आर्थिक वर्षमा १० हजार रुपैयाँ तिर्नुपर्ने भएको छ ।

## उपमहानगरले सतप्रतिशतले बढायो हेटौंडाको घरभाडादर

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले राजश्व असुलीको दर बढाउने उद्देश्यले हेटौंडाको घरभाडादरमा सतप्रतिशतले वृद्धि गरेको पाइएको छ। उपमहानगरपालिकाले १२० वर्गफिट क्षेत्रफललाई आधार बनाएर भाडादर निर्धारण गरेको छ। गत आर्थिक वर्षमा हेटौंडा-४ को गरुडपथको घर भाडाको दर पाँच हजार कायम गरेको हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षका लागि १० हजार रुपैयाँ तोकेको छ ।

गत आर्थिक वर्षमा न्यूनतम् दुई हजार रुपैयाँदेखि अधिकतम् सात हजार रुपैयाँसम्म घरभाडा दर निर्धारण गरेको उपमहानगरले चालु आर्थिक वर्षका लागि न्यूनतम् तीन हजार रुपैयाँदेखि १० हजार रुपैयाँसम्म भाडादर निर्धारण गरेको छ । हेटौंडा उपमहानगरपालिकाले ए देखि एफ सम्म ६ वटा वर्गमा विभाजन गरेर हेटौंडा उपमहानगरका ग्रामीणदेखि बजार क्षेत्रको घरभाडादर निर्धारण गरेको छ। गत वर्ष सी वर्गमा रहेको गरुडपथको भाडादर मासिक पाँच हजार रुपैयाँ तोकिएको थियो। चालु आर्थिक वर्षमा भने गरुडपथलाई ए वर्गमा समावेश गरेर भाडादर १० हजार रुपैयाँ निर्धारण गरिएको छ ।

आर्थिक मन्दी, खुम्चिएको व्यापारका बीच व्यवसायी समस्यामा भइरहेका बेला स्थानीय सरकारले घरभाडादरमा गरेको अस्वभाविक वृद्धिले व्यवसायी चिन्तित छन् । व्यवसाय करको दर पनि बढाउने, भाडा दर पनि बढाउने अवस्थाले व्यवसायी समस्यामा पर्ने व्यवसायीको भनाइ छ । हेटौंडा उपमहानगरपालिकाले गत वर्ष पनि घरभाडादरमा वृद्धि गरेको थियो। अघिल्लो आर्थिक वर्षमा दुई हजार रुपैयाँदेखि छ हजार रुपैयाँसम्म रहेको घरभाडादरलाई गत आर्थिक वर्षमा दुई हजार रुपैयाँदेखि सात हजार रुपैयाँसम्म कायम गरिएको थियो।

# अस्पतालमा १४३ जनाका लागि ७५० को आवेदन

**समाज संवाददाता**

हेटौंडाः हेटौंडा अस्पतालले एक सय ४३ जना कर्मचारी भर्नाका लागि खुला गरेको विज्ञापनमा ७ सय ५० जनाले फारम भरेका छन्। अस्पतालले साउन १ गतेदेखि १५ गतेसम्म १ सय ४३ जना करार कर्मचारी नियुक्तिका लागि खुला गरेको विज्ञापनमा ८ सय ५० जनाले आवेदन दिएको हेटौंडा अस्पतालले जनाएको छ।

साउन २२ गतेदेखि २५ गतेसम्म हुने अन्तरवार्तामार्फत् अस्पतालले एकसय ४३ जना कर्मचारीको छनोट गर्ने भएको छ। अस्पतालमा सामान्य चिकित्सक परामर्शदाताका लागि माग गरेअनुसार एकजनाले मात्र आवेदन भरेका छन्। आवेदन भर्नेमा रौतहटका डा. विधासागर प्रसाद रहेका छन् । यस्तै, अस्पतालले माग गरेको एक जना नाक कान घाँटी परामर्शदातामा डा. इन्कलाव ढुङ्गानाले मात्र आवेदन भर्नुभएको छ ।

होमियोप्याथिक चिकित्सकमा एक जना माग गर्दा डा.अमित सहनीले मात्र आवेदन भर्नुभएको छ। साथै, चिकित्सा अधिकारी (मेडिकल अफिसर) पदका लागि २३ जना माग गरिएकोमा एक सय ६ जनाले आवेदन भरेका छन् । एक जना नर्सिङ अधिकृतको माग गर्दा १० जना, एक जना फिजियोथेरापिष्ट माग गर्दा ५ जना र ५ जना रेडियोग्राफी टेक्नोलोजिष्ट माग गर्दा १२ जनाले आवेदन दिएका छन्। यस्तै, ५ जना माइक्रोबायोलोजिष्ट माग गर्दा ६ जना र ८ जना फार्मेसी सहायक माग गर्दा ३२ जनाले आवेदन दिएका छन्। ९ प्रयोगशाला प्राविधिकको माग गर्दा ९६ जना, २ जना मेडिकल रेकर्डर सुपरभाइजरको माग गर्दा ६ जना, ६ जना रेडियोग्राफर माग गर्दा २३ जना र ६० जना स्टार्फ नर्स माग गर्दा २ सय २१ जनाले फारम भरेका छन्।

अस्पतालमा ११ जना स्वास्थ्य सहायक (हेल्थ असिस्टेन्ट) माग गर्दा २ सय ८ जना, ३ जना एनेस्थेटिक सहायक माग गर्दा ८ जना, एक जना डेन्टल हाइजिनिष्ट माग गर्दा ७ जना र एकजना डार्करुम सहायक (रेडियोग्राफर) को

...बाँकी पृष्ठ ४ मा

### नगरप्रमुखलाई विरोधपत्र बुझाउन सकेन

# कमजोर नेतृत्वको मारमा व्यवसायी



*अस्वस्थ भनिएकी नगरप्रमुख लामा र मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता बिहिबार हेटौंडामा एक स्कुटरको शोरुम उद्घाटन गर्नुहुँदै ।*

**समाज संवाददाता**

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले अस्वभाविकरुपमा राजश्व वृद्धि र घर भाडादर वृद्धि गरेको भन्दै आम व्यवसायी आक्रोशित बनिरहेको सन्दर्भमा मकवानपुर उद्योग वाणिज्य संघ (मउवासंघ) ले बिहिबार नगरप्रमुख मीनाकुमारी लामालाई भेटेर राजश्व वृद्धिको विरोधपत्र बुझाउने कार्यक्रम रहेको थियो। तर, संघको कमजोर नेतृत्वका कारण विरोधपत्र बुझाउन सकेनन् ।

बरु नगरप्रमुख लामासँगै मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ताले हेटौंडामा एक शोरुमको उद्घाटन गर्नुभयो । व्यवसाय कर र घरभाडादरमा वृद्धि गरेर उपमहानगरले दोहोरो मारमा पारेको भनेर व्यवसायी चिन्तित भइरहेका बेला एउटा व्यावसायिक कार्यक्रममै व्यवसायीका नेता भने नगरप्रमुखसँगै कार्यक्रमको शोभा बढाइरहनुभएको थियो। संघको सचिवालयका अधिकारीकाअनुसार संघका अध्यक्ष गुप्ताले नगरप्रमुख लामासँग टेलिफोनमार्फत समय माग्दा नगरप्रमुख लामाले स्वास्थ्यको कारण देखाउँदै भेट्न असमर्थ रहेको जानकारी गराउनुभएको थियो। तर, संघका अध्यक्ष गुप्ता हेटौंडा-१० मा स्कुटरको शोरुम उद्घाटन कार्यक्रममा पुग्नुहुँदा नगरप्रमुख लामालाई पनि त्यहीँ भेट्नुभयो ।

आम व्यवसायीले आफ्ना समस्याको विषयमा ध्यानाकर्षण गराउन नगरप्रमुखको कार्यकक्षमै भेट्न खोज्दा स्वास्थ्यका कारण समय दिन नसक्ने बताउनुभएकी नगरप्रमुख लामा शोरुम उद्घाटन समारोहमा रिवन काट्न भने पुग्नुभयो। कार्यक्रमस्थलमा संघका अध्यक्ष गुप्ता र नगरप्रमुख लामाबीच केही छलफल भने भइरहेको थियो। तर, उहाँहरु बीच व्यवसायीको समस्याका विषयमा गम्भीर छलफल भने भइरहेको थिएन । यस्सै सामान्य कुराकानी मात्रै भइरहेको थियो ।

उपमहानगरले व्यवसायीमाथि राजश्ववृद्धि र घरभाडादर वृद्धि गरी दोहोरो मार पारिरहेका बेला तिनै व्यवसायीले नगरप्रमुखलाई बोलाएर शोरुम उद्घाटन गर्नुलाई पनि आश्चर्यको विषय मान्न सकिन्छ, विरोध गर्ने, स्वागत र सम्मान पनि गर्ने । हेटौंडा उपमहानगरपालिकाको राजश्व परामर्श समितिमा मकवानपुर उद्योग वाणिज्य संघको संस्थागत प्रतिनिधित्व समेत रहने व्यवस्था छ । उपमहानगरको राजश्व परामर्श समितिको छलफलमा राजश्व नबढाउने भन्ने भए पनि उपमहानगरले राजश्व बढाएको मकवानपुर उद्योग वाणिज्य संघको आरोप छ । स्कुटरको शोरुम उद्घाटन कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, उपाध्यक्ष प्रमोदसिंह रानाभाटको उपस्थिति रहेको थियो ।

# राजश्व परामर्श समितिमा करवृद्धि गर्ने निर्णय नै भएको थिएनः अग्रवाल



**समाज संवाददाता**

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षका लागि राजश्वको दरमा व्यापक हेरफेर गरेपछि व्यवसायीमाझ तनावको स्थिति छ। घर बहालदरदेखि करको दरमा समेत उच्च वृद्धि भएसँगै व्यवसायी त्रसित छन् । व्यवसायीको छाता संस्था मकवानपुर उद्योग वाणिज्य संघले बिहिबार विरोधपत्र बुझाउने प्रयास गर्दा नगरप्रमुख मीनाकुमारी लामाले अस्वस्थताको कारण देखाउँदै व्यवसायीसँग भेट्न मान्नुभएन भने उपप्रमुख राजेश बानियाँले पनि शुक्रबार भेट्ने वाचा गर्नुभएको छ ।

यता हेटौंडा उपमहानगरपालिकाको राजश्व परामर्श समितिमा प्रतिनिधित्व गर्नुहुने मकवानपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल उपमहानगरको बजेट बनाउने क्रममा राजश्व परामर्श समितिको बैठकमा व्यवसायीको समस्या, आर्थिक मन्दीका कारण करको दायरा बढाउने तर, दर नबढाउने भन्ने सहमति भएको बताउनुहुन्छ । "व्यवसायी चौतर्फी मारमा छन्, राजश्वको दर नबाउने दायरा बढाउने भन्ने सहमति भएको हो। अहिले राजश्वको दरमा व्यापक हेरफेर भएको पाइयो। नगरप्रमुख र उपप्रमुखलाई ध्यानाकर्षण गराएका छौं", वरिष्ठ उपाध्यक्ष अग्रवालले भन्नुभयो, "बिहिबार नगरप्रमुख र उप्रमुखलाई भेट्ने, ध्यानाकर्षणपत्र बुझाउने कार्यक्रम हुन सकेन। शुक्रबार बुझाउँछौं ।"

अस्वस्थ भनिए पछि बिहिबार एक कार्यक्रममा भेटिनुभएकी नगरप्रमुख मीनाकुमारी लामालाई कुरा राख्दा राजश्वको कुरा उपप्रमुखले हेर्ने भन्दै पन्छनुभएको वरिष्ठ उपाध्यक्ष अग्रवालले जानकारी दिनुभयो । नगरप्रमुख लामाले अब चाहेर पनि सच्याउन नसक्ने प्रतिक्रिया दिनुभएको अग्रवालले बताउनुभयो । "नगरपरिषद्ले करको दर परिवर्तन गर्ने प्रस्ताव पारित गरेपछि यो वर्षलाई यही दर लागु हुन्छ । अर्को वर्ष सच्याउन सकिन्छ", नगरप्रमुख लामालाई उद्घृत गर्दै वरिष्ठ उपाध्यक्ष अग्रवालले भन्नुभयो ।

उता राजश्व परामर्श समितिका संयोजक समेत रहनुभएका नगर उपप्रमुख राजेश बानियाँले राजश्व परामर्श समितिले निर्णय गरेको नभई नगर परिषद्ले निर्णय गरेको भनी जानकारी गराएको वरिष्ठ उपाध्यक्ष अग्रवालले जानकारी दिनुभयो । "राजश्व परामर्श समितिले व्यवसायीको सल्लाह बमोजिमनै करको दर नबढाउने निर्णय गरेको थियो । तत्कालिन प्रमुख प्रशासकीय अधिकृत रामबाबु पुरीले करको दर बढाउनुपर्ने भन्दै परिषद्मा पेश गर्नुभएपछि करको दर बढाइएको हो ।" उपप्रमुख राजेश बानियाँलाई उद्घृत गर्दै वरिष्ठ उपाध्यक्ष अग्रवालले बताउनुभयो ।

समृद्ध समाजसँग कुरा गर्नुहुँदै नगरप्रमुख मीना कुमारी लामाले व्यवसायीसँग छलफल गरेर समस्या समाधान गर्ने बताउनुभएको छ । नगरउपप्रमुख राजेश बानियाँसँग भने टेलिफोन सम्पर्क हुन सकेन। कुराकानीका लागि टेलिफोन गर्दा उपप्रमुख बानियाँले मोवाइल उठाउनुभएन ।

# सम्पादकीय

## विपद् व्यवस्थापनमा समन्वय

मनसुनी वर्षाका कारण हरेक वर्ष नेपालमा विभिन्न विपद्का घटना हुने गरेका छन् । वर्षा लागेसँगै भारी पानी पर्दा बाढी, पहिरो, कटान र डुबानका कारण निम्तने विपद्ले आम नागरिकलाई प्रभावित बनाउने गरेको छ । यस वर्ष पनि वर्षाको सिजन चलिरहेको छ । समय-समयमा भारी मात्रामा वर्षा भइरहेका कारण विपद्जन्य घटना भइरहेका छन् । मनसुनजन्य विपदबाट देशभर थुप्रै जनधनको क्षति भइरहेको छ । विपदबाट प्रभावित र पीडितको उचित व्यवस्थापन प्रभावकारी बन्न सकेको छैन । बाढी, पहिरो र डुबानबाट प्रभावित भएकालाई समयमै उचित राहतको प्रबन्ध नहुँदा विपद्बाट पीडितहरुलाई थप समस्या परिरहेको छ । विपद् जोखिम न्यूनीकरण र विपद्का घटनाको व्यवस्थापनमा स्थानीय, प्रदेश र संघीय सरकारबीच आवश्यक समन्वय र सहकार्य नहुँदा विपद् व्यवस्थापनका काम कारबाही फितलो बनिरहेको छ ।

बागमती प्रदेशसभाको प्रदेश मामिला समितिमा पनि भएको छलफलमा पनि प्रदेश सरकारले विपद् व्यवस्थापनमा प्रभाकारी काम गर्न नसकेको विषय उठेको छ । बुधबार बसेको समितिको बैठकमा विपद् व्यवस्थापनका लागि प्रदेशलाई कानुनी समस्या भएको बताइएको छ । बैठकमा प्रदेश सरकारले अघि सारेको विपद् व्यवस्थापनका योजना र प्रभावितलाई वितरण गरिने राहत रकम खर्च हुन नसकेको भन्दै सांसदहरुले प्रश्न गरेका थिए । विपद् व्यवस्थापनसम्बन्धित कानुनहरु निर्माण तथा परिमार्जन गर्नुपर्नेमा समितिका सदस्यहरुको एकमत थियो । विपद् जोखिमका घटनालाई उचित सम्बोधन गर्ने गरी प्रदेश सरकारले नीति, कार्यक्रम र बजेट ल्याउन नसकेकोमा समिति सदस्यहरुको गुनासो गरेका छन् । कानुनी समस्याका कारण विपद् प्रभावित नागरिकसम्म प्रदेश सरकारको कार्यक्रम पुग्न नसकेको बताइएको छ । जिल्ला-जिल्लामा विपद् व्यवस्थापनका सामग्रीसहितको गोदामघर राख्न सुझाव दिइएको छ । विपद् व्यवस्थापनको काम स्थानीय सरकारले गर्नु उचित हुने भन्दै प्रदेश र संघले स्थानीय तहलाई आवश्यक बजेट दिएर विपद् व्यवस्थापनका लागि आवश्यक संरचना तयार गर्नुपर्नेमा समिति सदस्यहरुको जोड थियो ।

विपद् व्यवस्थापनमा छुट्टै संरचना र एकद्वार प्रणाली आवश्यक भए पनि बागमती प्रदेश सरकारले आफ्नै तरिकाले काम गरिरहेको छ । प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले विपद्बाट क्षति पुगेका सडक सकेसम्म छिटो सुचारु बनाउन द्रुत प्रतिकार्य टोली (क्यूआरटी) गठन गरेको छ । विपद् प्रभावित सडकहरुको अवस्था सुधार गर्ने तथा नागरिकहरुको यात्रा सहज बनाउन क्यूआरटी गठन गरेर काम सुरु गरेको जनाइएको छ । प्रादेशिक सडकहरुमा भएका विपद्का घटनाबाट सडक पूर्वाधारको क्षति विवरण संकलन, न्यूनीकरण तथा प्रतिकार्यलगायतका काम क्यूआरटीले गर्नेछ । क्यूआरटीले वर्षाका कारण अवरुद्ध भएका मुख्य प्रादेशिक सडकहरुको पहिचान गर्ने, सूचना सम्प्रेषण गर्ने, वैकल्पिक मार्ग पहिचान गर्ने, आकस्मिक रुपमा अवरुद्ध सडकहरु यथाशीघ्र छिटो सुचारु गर्ने र अन्तर निकाय समन्वय गर्नेछ ।

बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षबाटै प्रदेश सडक गुरुयोजना कार्यान्वयनमा ल्याएको छ । गुरुयोजनाले समेटेका २५० सडक आयोजनाको अवस्था, विपद् जोखिम र क्षति पहिचान गरी आवश्यक प्रतिकार्यका लागि क्यूआरटी प्रभावकारी बन्नुपर्छ । मनसुनी विपद्का कारण मानिसको ज्यान जानुका साथै जीवनयापनमा समेत समस्या पार्दछ । मनसुनज्यन्य विपद्का कारण यातायत, कृषि, उद्योग, विद्युत्, खानेपानी, पर्यटन, सञ्चार, स्वास्थ्य, शिक्षाजस्ता आर्थिक तथा सामाजिक पूर्वाधार क्षेत्रमा पुगिरहेको क्षति कम गर्न प्रदेश सरकारले समन्वयात्मक भूमिका निर्वाह गर्नु उचित हुनेछ । संघ र स्थानीय सरकारको बीचमा रहेर प्रदेश सरकारले विपद् जोखिम न्यूनीकरण र विपद् व्यवस्थापनका लागि उचित काम गर्नु पर्दछ । संघीय, प्रदेश र स्थानीय तीनै तहको सरकारले समन्वय र सहकार्य गरेर योजनावद्ध र पूर्वतयारी साथ काम गरेमा विपद् व्यवस्थापन गर्न सकिन्छ । विपद्का घटना नै न्यूनीकरण गर्नुका साथै विपद्पछिको उद्दार, राहत, पुनर्निर्माण, पुनस्थापना आदि कार्यमा समन्वय र सहकार्य आवश्यक हुन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : पढाइ–लेखाइ मध्यमकारक रहने समय छ । |
| वृष | : प्रतिस्पर्धी माथि विजय हाशिल हुने समय छ । |
| मिथुन | : पढाइ–लेखाइका क्षेत्रमा सरिक भइने योग छ । |
| कर्कट | : पारिवारीक दायित्व बढ्ने समय योग छ । |
| सिंह | : लेखाइ– पढाइका काममा समय व्यतित होला । |
| कन्या | : धार्मिक यात्रा योग रहने समय रहेको छ । |
| तुला | : परीक्षा र प्रतिस्पर्धामा विजय प्राप्त होला । |
| वृश्चिक | : धार्मिक कृत्यमा सरिक भइने समय योग रहेको छ । |
| धनु | : दार्शनिक विषयप्रति झुकाव बढ्ने समय योग रहेको छ । |
| मकर | : पढाइ–लेखाइ मध्यमकारक रहने समय छ । |
| कुम्भ | : वैदेशिक योगबाट लाभ प्राप्त हुने समय छ । |
| मीन | : सामाजिक र धार्मिक कृत्यमा सरिक भइने छ । |

# राष्ट्रियस्तरमै शैक्षिक हबको पहिचान बनाइरहेको हेटौँडा



✍ रमेश प्रसाद लामिछाने

१. नेपालको राजधानी बागमती प्रदेशको प्रमुख शहर काठमाडौं अनि यस बागमती प्रदेशको समेत राजधानी मकवानपुर हेटौंडाको परिचय अब नौलो छैन । कुल २६१.५८ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यो रमणीय शहर हेटौंडा समुद्री सतहबाट ३६० मिटरदेखि बढिमा १८०० मिटरमा अवस्थित देशकै मध्यभागमा आकर्षक भौगोलिक संरचनासँगै अत्यन्त उपयुक्त हावापानी भएको शहर मुलुकमै प्रसिद्ध छ भन्दा अतिशयोक्ति नहोला । औद्योगिक नगरीको नामबाट देशमा भिन्न परिचय बनाएको हेटौंडा नगरको पौराणिक, ऐतिहासिक, धार्मिक, राजनीतिक, सामाजिक र पर्यटकीय लगायतका विविध कोणबाट अलग-अलग महत्व सहितका प्रतिष्ठा कायम गरेको तथ्यहरुका विश्लेषणयुक्त बारम्बार चर्चामा मात्र नभई अनेकौं किताबहरु समेत बाहिर आएका छन् । प्रत्येक विषयका बारेमा ब्याख्या गर्ने हो भने भिन्न भिन्न मोटा किताबहरु बन्ने तथ्यमा शंका छैन । पौराणिक कालमा पाण्डवहरुको वनबास खण्डका हिडिम्वा नगरीदेखि विभिन्न कालखण्डमा सामन्त शोषकहरुसँग शोषित पीडित वर्गले गरेको वर्गीय संघर्षको ऐतिहासिकता अनि शहिद स्मारक तथा त्रिवेणीधाम जस्ता आकर्षक स्थलहरुका निर्माणले यो शहरको थप पहिचान कायम गरेको छ ।

२. यस आलेखको सन्दर्भलाई शिक्षासँग जोडिएको छ । मकवानपुर जिल्लामा तत्कालिन राणाशासनको समयमा वि.सं. २००४ सालमा आधार स्कूलको नामबाट हालको महेन्द्र मा.वि. भिमफेदीबाट औपचारिक शिक्षाको शुरुवात भएको र राणाकालको अन्त्य पश्चात हालको हेटौंडामा भने वि.सं. २००८ सालमा हटियामा मिडिल स्कूलको नामबाट हालको बालबोध मा.वि. संचालनमा आएको पाईन्छ । तत्कालिन हेटौंडामा वि.सं. २०१६ सालमा स्थापना भएको हालको भूटनदेवी मावि नै हेटौंडाको पहिलो औपचारिक स्कूल जस्ले देशव्यापी पहिचान बनाएको ऐतिहासिक शिक्षालयको रुपमा स्थापित भन्न सकिन्छ । तत्पश्चात वि.सं.२०१७ मा राष्ट्रिय प्राथमिक स्कूलको नामबाट स्थापित हालको बंशगोपाल मावि चौघडा प्रारम्भ भएको हो । यस्को एक दशक भित्र र तत्पश्चात क्रमशः त्रिभुवन मावि नवलपुर, ज्योति मावि हर्नामाडी, राष्ट्रियरुपमै चर्चित आधुनिक राष्ट्रिय मावि हेटौंडा, जनप्रिय मावि हटिया, सिद्धार्थ मावि हेटौंडा, प्रगति मावि पशुपतिनगर, महेन्द्र मावि पदमपोखरी, राजदेवी मावि हटिया, बालज्योति मावि पिप्ले, श्रमिक मावि कर्रा, ज्ञानदा मावि हेटौंडा, चन्द्रोदय मावि कमाने, निर्मल मावि बस्तीपुर, महेन्द्र किरण मावि बसामाडी, जनज्योति मावि मयुरधाप, जनजागृति मावि रातोमाटे, नवज्योति मावि नागस्वती, त्रिभुवन मावि हटिया, चुरियामाई मावि चुरियामाई, बुद्ध मावि पान्तले, बालजागृति युवावर्ष मावि गौरीटार, गोरक्षेश्वर मावि हर्नामाडी, बाल उज्जवल मावि लेवट, अमर मावि हेटौंडा लगायतका कुल ३१ वटा सामुदायिक र ३४ वटा संस्थागत गरी जम्मा ६५ वटा माध्यमिक विद्यालयहरु संचालनमा रहेका छन् । जबकि, मकवानपुर जिल्लामा कुल १४१ वटा माध्यमिक विद्यालयबाट २०८० सालको एसईईमा सहभागी भएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको तथ्याङ्कमा जनाइएको छ । हेटौँडा उपमहानगरपालिकाको शिक्षा महाशाखाले उल्लेख गरे अनुसार यस हेटौंडा नगरमा कक्षा १-३ संचालित ५ वटा, कक्षा १-५ संचालित १८ वटा र कक्षा १-८ संचालित २१ वटा सामुदायिक विद्यालयहरु रहेका छन् ।

३. हेटौंडा बजार अर्थात नगरको मध्यभागमा उच्च शिक्षा प्रदानका लागि त्रिभुवन विश्वविद्यालयको आंगिक कलेज वन विज्ञान अध्ययन संस्थान सँगै कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गत वन विज्ञान संकायका स्नातक तथा स्नातकोत्तर तहको अध्ययन अध्यापन भइरहेको छ । त्रिविविबाट संवन्धन प्राप्त सामुदायिक कलेज देशमै प्रसिद्ध मकवानपुर क्याम्पसले विज्ञान, वाणिज्य, मानविकी, शिक्षा संकायका अनेकौं विषयहरु स्नातकोत्तर तहसम्म अध्ययन अध्यापन गर्दै आएको छ । वि.सं. २०३७ सालबाट रत्नज्योति बहुमुखी क्याम्पस काठमाडौंको विस्तारित रुपमा संचालित यो मकवानपुर क्याम्पसले आफ्नो पहिचान कायम गर्न शुरुवातको ५ वर्ष कडा मिहिनेत गरेकै हो । हालै बागमती प्रदेश सरकारले बागमती प्रदेश विश्वविद्यालय स्थापना गर्ने निर्णयसँगै मकवानपुर क्याम्पसलाई नै यो प्रदेश विश्वविद्यालयको रुपमा बुझ्न थालिएको छ । त्यस्तै शिक्षा क्याम्पसको रुपमा देशमै आफ्नो चिनारी कायम गर्न सफल हेटौंडा क्याम्पस त्रिविविबाट संवन्धन प्राप्त अर्को सामुदायिक कलेज हो । हेटौंडा क्याम्पसले पनि स्नातकोत्तर तहसम्मका विषयहरु अध्ययन अध्यापन गर्दै आएको छ ।

४. त्यस्तै त्रिविविबाट संवन्धन लिई स्नातक तहका शिक्षा, वाणिज्य, मानविकी संकाय अन्तर्गतका विषयहरु अध्ययन अध्यापन गराउँदै आएका सामुदायिक कलेजहरुमा बंशगोपाल बहुमुखी क्याम्पस चौघडा, निर्मल बहुमुखी क्याम्पस बस्तीपुर, पदमपोखरी क्याम्पस संचालनमा रहेका छन् । हटिया जनप्रिय क्याम्पस यसै वर्षबाट हेटौंडा क्याम्पसमा मर्ज भइसकेको जनाइएको छ । त्रिविविबाट संवन्धन प्राप्त नीजि कलेज हेटौँडा स्कूल अफ म्यानेजमेन्टको थप परिचय दिई रहन नपर्ला जुन देशकै चर्चित कलेज विज्ञान तथा वाणिज्य शास्त्रमा स्नातक र स्नातकोत्तर तहको अध्ययन अध्यापन गर्दै आएको छ । त्यस्तै जेनिथ ईन्टरनेशनल कलेज, नारायणी कलेजले आईटी लगायतका विषयहरुमा समेत नीजिस्तरमा स्नातक तहसम्मका कक्षाहरु संचालन गर्दै आएका छन् । गत वर्षबाटै मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले स्वास्थ्य शिक्षा अन्तर्गत नर्सिङ तथा फार्मेसीका कक्षाहरु संचालन गरिरहेको छ ।

५. प्राविधिक शिक्षामा हेटौँडा अग्रस्थानमा रहेको तथ्य सर्वविदित छ । सिटिईभिटिबाट स्वीकृत प्राप्त सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, टेक्स अन्तर्गत मकवानपुरमै पहिलो, वि.सं. २०६० सालबाट जनप्रिय मावि हटियामा कृषि तथा पशु विज्ञानका प्रि-डिप्लोमा तथा डिप्लोमाका कक्षाहरु शुरुवात हुँदै आएकोमा हालै इलेक्ट्रिक इन्जिनियरिङको डिप्लोमा तहको कक्षा समेत संचालनमा रहेको छ । वि.सं. २०७५ बाट बंशगोपाल मावि चौघडामा सिभिल तथा जियोमेट्रिक्स (सर्भे) विषयका ३ वर्षे डिप्लोमा तहका कक्षाहरु संचालनमा छन् । त्यस्तै ज्योति मावि हर्नामाडीमा कम्प्युटर इन्जिनियरिङ, निर्मल मावि बस्तीपुरमा इलेक्ट्रिक इन्जिनियरिङ, सिद्धार्थ मावि हेटौंडामा वन विज्ञानका डिप्लोमा तहका कक्षाहरु संचालनमा रहेका छन् । जनजागृति मावि रातोमाटेमा प्रि-डिप्लोमा तहको अटोमोबाईल ईन्जिनियरिङका कक्षाहरु संचालनमा रहेका छन् । भूटनदेवी मावि हेटौंडामा तत्कालिन शिक्षा विभाग हालको मानवश्रोत तथा विकास केन्द्रको स्वीकृतिमा कक्षा ९-१२ का प्राविधिक विषयहरु सिभिल इन्जिनियरिङका कक्षाहरु संचालनमा रहेका छन् । सँगै, यसै हेटौंडा उपमहानगरको ६ नम्बर वडा गौरिटारस्थित नेपाल भारत पोलिटेक्निकल शिक्षालयमा हाल मेकानिकल ईन्जनियरिङका डिप्लोमा तहका कक्षाहरु संचालनमा रहेका छन् । यो राष्ट्रिय गौरवको प्राविधिक शिक्षालयसँग जोडिएको र यसको निर्माण कार्य सम्पन्न पश्चात करिब ३ दर्जन विषयहरुमा अत्यन्त न्यून शुल्कमा प्राविधिक शिक्षा प्रदान गर्ने लक्ष्य बोकेको यो शिक्षालय हाल पनि निर्माणाधिन अवस्थामै रहेको छ । नीजि संस्थाको रुपमा मकवानपुर टेक्निकल ईन्स्टिच्यूटले अहेव तथा हेअसहित ल्याब एसिस्टेन्टका कक्षाहरु संचालन गर्दै आएको छ ।

६. यस हेटौँडा नगरका प्राविधिक शिक्षालयहरुमा मकवानपुरका अतिरिक्त विशेषगरी मधेश प्रदेशबाट अत्यधिक विद्यार्थीहरु अध्ययनका लागि आएको देखिन्छ । माध्यमिक तहमा समेत हेटौँडा बजारका विद्यालयहरुमा करिब साठी प्रतिशत विद्यार्थीहरु मधेश प्रदेशबाट आएको सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरुले जनाउनुभएको छ । त्यस्तै हेटौँडाका सामुदायिक तथा नीजि क्याम्पसहरुमा समेत मधेश प्रदेशबाट आएका विद्यार्थीको बाहुल्यता सहजै देख्न सकिन्छ । मधेश प्रदेशबाट मात्र होइन, बागमती प्रदेशकै सिन्धुली, दोलखा, नुवाकोट, काभ्रे, सिन्धुपाल्चोक लगायतका जिल्लाका विद्यार्थीहरु यहाँका प्राविधिक कक्षाहरुमा सहजै भेट्न सकिन्छ । सिटिईभिटि छात्रवृत्तिमा विशेषगरी कर्णाली प्रदेश, सुदुर पश्चिम प्रदेश र गण्डकी तथा लुम्विनी प्रदेश अनि कोशी प्रदेशका विद्यार्थीले समेत हेटौँडाका शिक्षालयहरु रोजेको पाईन्छ ।

७. अन्तमा, उल्लेखित अवस्थाले हेटौँडालाई शैक्षिक हव बनिरहेको शहर भन्दा अत्युक्ति हुने छैन । हेटौँडाको समग्र शैक्षिक अवस्थाले मकवानपुरको मात्र नभई यस राष्ट्रकै प्रतिनिधित्व गरिरहेको छ । शैक्षिक स्तरीयतामा रत्ति पनि सम्झौता नगर्ने यहाँका शिक्षण संस्थाहरुको विशेष पहिचान परीक्षा प्रणाली रहेको छ । प्रत्येक कक्षा र तहका परीक्षा बोर्डका नतिजाहरुले स्वयम् प्रमाणित गरिरहेका छन् । कक्षा शिक्षणमा कुनै कमजोरी बाँकी नराख्ने यहाँका शिक्षकहरु, प्रशिक्षकहरु र प्राध्यापकहरु परीक्षामा भने हदै कठोर बन्दै आएको परम्परा नै मकवानपुर अझ हेटौँडाको पहिचान रहेको छ । यद्यपि सुधार गर्नुपर्ने कुराहरु अझ धेरै छन् । बिग्रेकालाई सच्याउनु पर्ने र नयाँ अभ्यास गर्नुपर्ने विषयहरुमा हामी अलग चर्चा गरिरहेका छौं । आगामी दिनमा थप उत्कृष्टताका साथ हेटौँडाले राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा समेत शैक्षिक हव बनाउने अभियानमा सफलताको अपेक्षा गरिएको छ ।

*(लेखक सेवानिवृत्त शिक्षक हुनुहुन्छ ।)*

# गठबन्धनेहरुबाट देश बन्दैन



✍ डा. डि.बी. मोक्तान, पिएचडी
(समाजशास्त्र)

वर्तमान राजनीतिक अन्यौलताले देशलाई कतिखेर मुग्लिनको सिमलतालमा पुऱ्याउने हो भनेर नेपाली जनता आतङ्कित छन् । सिमलतालमा वेपत्ता बसहरु २० वर्षपछि पनि फेला परिएला तर देश डुब्यो भने कहिल्यै फेला पर्नेछैन । २०८१ असार २८ गते राती उत्तरबाट रन्केर आको गणपति बस र दक्षिणबाट सन्केर गाको न्यु एन्जल्स बस सिमलताल पुग्दा माथिबाट लेदोसहितको पहिरो आको देख्दादेख्दैको पहिले पारीपट्टि पुग्ने भन्ने होडमा अगाडि बढ्दा बाटो साँघुरो भएकै कारण दुवै बस बीचमै अडकिन पुग्यो र लेदोले दुवै बसलाई हेर्दाहेर्दै नारायणीमा बगाई दियो । जो अहिलेसम्म पनि फेला पार्न सकिएको छैन । यो अति नै दर्दनाक दृश्य थियो । जसलाई शब्दमा व्यक्त गर्न सकिँदैन ।

ठीक त्यसैगरी यतिखेर देउवा र ओलीले देश र जनतालाई सिमलतालमा लाँदैछ । मात्र अब लेदो आउन बाँकी छ । त्यसैले सम्भावित दुर्घटनाबाट देश र जनतालाई कसरी बचाउन सकिन्छ भन्ने नै सबैभन्दा ठुलो चिन्ताको विषय भएको छ अहिले । दुर्घटनाबाट देश र जनतालाई बचाउने नै हो भने गठवन्धनको नाउँमा बनाइएका यि ठगवन्धनहरुको भ्रष्ट जालोलाई धुजाधुजा बनाएर जलाउनु पर्दछ । ठगवन्धनहरुको भ्रष्ट जालो त्यति कमजोर छैन जति हामीले सोँच्ने गरेका छौं । यसका लागि त जनताले चाहेको जननिर्वाचित प्रत्यक्ष कार्यकारी प्रधानमन्त्रीसहितको राजसंस्था ल्याउनु पर्दछ । जस्ले राजनीतिक स्थिरता सहितको निकास प्रदान गर्दछ । यसका लागि मानसिक रुपमा युद्धको मैदानमा जान जनता तयार हुनुपऱ्यो । किनकी ठगवन्धनहरुले गर्ने गरेका सत्तासमीकरणले देशको निकास र जनताको विकास कहिल्यै हुनेवाला छैन । हुनेभए बहुदल आएकै ३५ वर्ष र गणतन्त्र आएको १७ वर्ष भैसक्यो । देउवा ५ पटक, ओली ४ पटक र प्रचण्ड ३ पटक प्रधानमन्त्री बनिसके । देश र जनताले के पायो ? त्यहि २४ खर्ब ऋण होइन ?

अब जनता चुप लागेर बस्न मिल्दैन । घरघरबाट नागरिक उठनु जरुरी छ भन्ने आशयसहित २०८१ साउन ११ गते राष्ट्रिय प्रजातन्त्र पार्टी मकवानपुर जिल्ला समितिको हेटौँडा उपमहानगरपालिका वडा नं. १५ ले आफ्नो सातौं पूर्णकालिन बैठक सम्पन्न गऱ्यो । जिल्ला समितिको प्रमुख सल्लाहकार डा. डि.बी. मोक्तानको प्रमुख आतिथ्यमा सम्पन्न उक्त बैठकको अध्यक्षता वडा कमिटीको अध्यक्ष श्री विशाल थिङले गर्नु भएको थियो भने विशेष अतिथिको रुपमा जिल्ला वरिष्ठ उपाध्यक्ष श्री कविराज भट्टराई र अतिथिको रुपमा बागमती प्रदेश सचिव श्री गुन्जन बहादुर नेउपाने उपस्थित हुनुहुन्थ्यो ।

वि.सं. २०७९ को स्थानीय चुनावमा गठन गरिएको यो वडा समितिले विभिन्न समय र परिस्थितिसँग संघर्ष गर्दै सातौं बैठकसम्म आइपुग्न सफल भएकोमा प्रमुख अतिथि डा. डि. बी. मोक्तानले वडाका पदाधिकारी तथा सम्पूर्ण वडाबासीहरुमा धन्यवादसहित हार्दिक कृतज्ञता प्रकट गर्नु भएको थियो । संघीय लोकतान्त्रिक गणतन्त्रको आगमनसँगै राजसंस्थाको अबसान हुन पुगेकोमा राजसंस्थाप्रति आस्था र विश्वास राख्ने तमाम राप्रपा समर्थक जनताको

...बाँकी पृष्ठ ३ मा

# ४ जिल्लामा एकै दिन ५ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको ४ जिल्लामा विभिन्न घटनामा एकै दिन ५ जनाको मृत्यु भएको छ। प्रदेशको धादिङ, नुवाकोट, काभ्रेपलाञ्चोक र सिन्धुली जिल्लामा एकै दिन ५ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

धादिङ जिल्लाको गल्छी गाउँपालिका-१, थानचौरमा एक जना पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा ४८ वर्षीय सीताराम गैरे रहेको प्रहरीले जानकारी दिएको छ। बुधबार दिउँसो ३ बजेर ४५ मिनेटको समयमा गैरे बैरेनीबाट पोखरिया जाने भित्री सडकखण्डको नालीमा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ।

नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिका-६, पिप्लेमा खोलाले बगाएर एक जना बालकको मृत्यु भएको छ। मृत्यु हुनेमा ६ वर्षीय बिक्रम लामिछाने रहेको प्रहरीले जानकारी दिएको छ।

बुधबार बिहान ८ बजेको समयमा लामिछाने चिप्चिन्डे खोला तर्ने क्रममा खोलाले बगाई बेपत्ता भएका थिए। लामिछाने सोही दिन खोलाबाट २ सय मिटर पर पिप्ले बिरुवास्थित चिप्चिन्डे खोलामा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ।

काभ्रेपलाञ्चोक जिल्लाको नमोबुद्ध नगरपालिका-९, गहतेदीमा एक जना पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा रोशी गाउँपालिका-५, सिसाखानी घर भई विगत १ बर्षदेखि वडा नम्बर २ गुम्बाटोल बस्दै आएका ७० वर्षीय सुब्बा सिंह तामाङ रहेको प्रहरीले जानकारी दिएको छ।

सोमबार बिहान ११ बजेको समयमा तामाङ डोको बेच्न हिँडेका थिए। तामाङ बुधबार साँझ ५ बजेको समयमा गहतेदीस्थित गोरेटो बाटोको छेउमा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ।

सिन्धुली जिल्लाको तीनपाटन गाउँपालिका-११ मा खोलाले बगाउँदा एक बालकको मृत्यु भएको छ। मृत्यु हुनेमा गाउँपालिका-४, लुबु बस्ने कमल तामाङको ४ वर्षीय छोरा मञ्जिल तामाङ रहेको प्रहरीले जानकारी दिएको छ।

बुधबार तामाङ हाँडीखोला दोभानको ढुङ्गामा अड्किरहेको अवस्थामा स्थानीयले देखेर प्रहरीलाई खबर गरेपश्चात् प्रहरी टोली खटी गई बालकको उद्दार गरेका थिए। बालकलाई उद्दार गरी उपचारका लागि लाम्पाङटार स्वास्थ्य केन्द्र लगिएकोमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

सिन्धुली जिल्लाकै गोलन्जोर गाउँपालिका-६, दारिमबाटैमा एक जना महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा ५२ वर्षीया शोभा सर्किनी रहेको प्रहरीले जानकारी दिएको छ।

बुधबार साँझ ५ बजेर ४० मिनेटको समयमा सर्किनी धान रोप्ने क्रममा एक्कासी टाउको दुखेर बेहोस भएकी थिइन्। सर्किनीलाई उपचारका लागि खुर्कोटस्थित सुनकोशी सामुदायिक अस्पतालमा लगिएकोमा अस्पतालले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

# भेस्पा, अप्रिलियाको नयाँ शोरुम हेटौंडामा

समाज संवाददाता

हेटौंडाः हेटौंडामा भेस्पा र अप्रिलिया ब्राण्डका स्कुटरको नयाँ शोरुम सञ्चालनमा आएको छ। भेस्पा, अप्रिलियाको दोस्रो शोरुमको रुपमा हेटौंडा-१०, भुटनदेवी मन्दिररोडमा जाशी अटोमोवाइल्सले सञ्चालनमा ल्याएको हो। यसअघि पनि भेस्पा, अप्रिलियाको एउटा शोरुम हेटौंडामा सञ्चालनमा रहेको छ। हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाले शोरुमको उद्घाटन गर्नुभएको हो। कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ता, वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, उपाध्यक्ष प्रमोदसिंह रानाभाटको पनि आतिथ्य रहेको थियो। शोरुम उद्घाटनको अवसरमा स्कुटरको सेल्स, सर्भिस र स्पेयर पार्टस्साथै एक्सचेन्ज र फाइनान्स सुविधा मिलाइएको जनाएको छ। उद्घाटन अफर अन्तर्गत यो साता हेटौंडा शोरुमबाट ग्राहक एवम् उपभोक्ताहरूले स्कुटर खरिद तथा एक्सचेन्ज गर्दा उपभोक्ताहरूले रु. १० हजार नगद छुट र हेल्मेट प्राप्त गर्ने छन्।

# गठबन्धनेहरुबाट...

मनमा ठूलो आघात पुगेको तथ्य एकदमै सत्य हो। राष्ट्रवादी नेता कमल थापा नेतृत्वको राप्रपा नेपालको संगठन विहानीको शीत बिलाए झैं बिलाएर गएपछि कार्यकर्ताहरु किम्कर्तव्यविमूढ हुनपुगे। बिना गन्तव्य अन्धकारमै दौडिई रहे। दौडिने क्रममा कोही एमाले, कोही काँग्रेस, कोही माओवादी, कोही नेकपा एस र कोही मधेशवादी दलमा समेत समाहित हुनपुगे।

२०७७ को महाधिवेशन पश्चात एकाएक राजेन्द्र लिङदेनको उदय हुन पुग्यो। भ्रष्टाचार गर्दिन र गर्न दिन्न, किनकी भ्रष्टाचार गर्नु भनेको आमाको रगत खानु बराबर हो भन्ने प्रतिवद्धताले सच्चा देशभक्तहरुको मन छोयो। त्यत्ति नै खेर भ्रष्टाचार विरुद्धको महान अभियन्ता र लाखौं जनताको ढुकढुकी भनेर चिनिने ज्ञानेन्द्र शाहीको इन्ट्रीले लिङदेनको भ्रष्टाचार विरुद्धको अभियानलाई थप शक्तिशाली बनायो। त्यसपछि क्रमशः धवलसमशेर राणा, ध्रुव बहादुर प्रधान, गोपी हमाल, बुद्धिमान तामाङ, डा. प्रकाशचन्द्र लोहनी, पशुपति समशेर राणा, दीपक बहादुर सिंह जस्ता स्वच्छ छवि भएका महान व्यक्तित्वहरुको ऐक्यवद्धताले राजेन्द्र लिङदेन नेतृत्वको राप्रपालाई सगरमाथाको उचाईमा पुऱ्याउने काम गऱ्यो। तर यस जिल्लामा लिङदेन नेतृत्व राप्रपाको नामोनिशान नभएकोले संगठन निर्माण भएको थिएन।

समय आफ्नै गतिमा दौडिई रह्यो। २०७९ को स्थानीय चुनाव आयो। तर राप्रपा लिङदेन फर्केर आएन। स्थानीय चुनावमा वडाबाट कसलाई उम्मेदवार बनाउने भन्ने विषयमा कुरा उठ्यो तर उम्मेदवार बन्न कोही तयार थिएनन्। किनकी संगठन नै थिएन। लज्जास्पद हार बेहोर्नु भन्दा उम्मेदवारी नै नदिने भनेर उम्मेदवार बन्ने कोही भएनन्। यस किसिमको असन्तुलित अवस्थामा पनि राप्रपाको बीउमात्र भएपनि जोगाउनु पर्छ भन्ने आशयसहित स्थानीय युवा तथा जिल्ला सदस्य महेन्द्र कुमार घलानको संयोजन तथा हालको माननीय दिपक बहादुर सिंहको सहकार्यमा स्थानीय चुनावमा उम्मेदवारी दिने निर्णयसहित वडा कमिटी गठन गरी विधिवत रुपमा राप्रपाको जग बसाल्ने काम गरियो र चुनावमा भाग लिइयो। त्यसरी राप्रपा लिङदेनको छवि फैल्याउन काम हामीले गऱ्यौं। यो क्रम निरन्तर अघि बढिरहेको छ र निरन्तर बढी नै रहने छ। यसलाई अध्यक्ष लिङदेन ज्युले गम्भीरतापूर्वक लिनु पर्दछ।

स्थानीय चुनाव सकिने बित्तिकै प्रतिनिधी सभा र प्रदेश सभाको चुनाव आयो। जतातत्तै चुनावी रौनक छायो। प्रतिवद्धतासहितको घोषणापत्रहरु प्रत्येक कार्यकर्ताहरुको हातहातमा देखिन्थ्यो। कार्यकर्ताहरु आ-आफ्नो उम्मेदवार जिताउन रातदिन मतदाताहरुलाई फकाउन तल्लिन देखिन्थे। मकवानपुरको क्षेत्र नं. १ (क) को प्रतिनिधि सभाको उम्मेदवार दीपक बहादुर सिंह र प्रदेश सभाको उम्मेदवार गुन्जन बहादुर नेउपाने हुनु हुन्थ्यो। १५ नम्बर वडा कमिटीले पनि आफ्नो उम्मेदवार जिताउन कुनै कसर बाँकी राखेन। तन, मन, वचन र कर्मले सहयोग गऱ्यो। तर प्रदेश सभामा सफल हुन सकिएन तथापि प्रतिनिधी सभामा विजय प्राप्त गर्न सफल भइयो। जनताको मायाको उपहार स्वरुप दीपक बहादुर सिंहलाई मकवानपुरको क्षेत्र नं. १ (क) बाट प्रतिनिधी सभामा पठाउन सफल भइयो।

तत्पश्चात् यस वडामा मात्र होइन जिल्लाभरी नै वडा र गाउँपालिकास्तरमा पार्टीको भेला वा बैठक राखेको देखिएन। यस वडाको आजको भेला नै जिल्लाको पहिलो बैठक हो भन्ने लागेको छ। यहि आउँदो मंसिर, पुसमा जिल्लाको अधिवेशन हुँदैछ भन्ने थाहा पाइयो। गाउँपालिकाको वडा परिषद्देखि गाउँ कार्यसमितिको अधिवेशन, नगरपालिका तथा उपमहानगर पालिकाको वडा परिषद्देखि वडा कमिटी हुँदै नगरपालिका तथा उपमहानगरपालिकाको अधिवेशन बाँकी नै छ। त्यसैगरी प्रदेशस्तरीय चारवटा क्षेत्रको क्षेत्रीय परिषद् तथा दुइवटा संघीय परिषद्को अधिवेशन बाँकी नै छ। त्यसपछि मात्र जिल्लाको अधिवेशन हुने होला। तर अहिलेसम्म जिल्ला समितिका पदाधिकारीहरुबाट आफ्नो मातहतको पार्टी संगठनहरुलाई स्थानीय तहको अधिवेशनको तयारी गर्ने गराउने बारे कुनै निर्देशन गएको छैन। त्यसो हुँदा अहिलेसम्म पूर्वतयारी कहीँ कतै देखिँदैन। थोरै न्यास्रो यहाँनिर लागेको छ।

असोज र कातिक महिना नेपालीहरुको महान चाड दशैं, तिहार र छठ पर्वमा बित्ने गर्दछ। जिल्लाभरीको १०२ वटा वडाहरुमा वडा परिषद् र वडा समितिको अधिवेशन, त्यसपछि ८ वटा गाउँपालिका र एउटा नगरपालिका र एउटा उपमहानगरपालिकाको अधिवेशन सम्पन्न गर्न समय अभाव हुन सक्दछ। विधानको विधि अनुसार चल्नै पर्ने हुन्छ। स्थानीय तहमा साधारण सदस्य बनाई परिषद्को गठन गरी कार्य समितिको गठन गरी माथिल्लो तहमा प्रतिनिधीहरु पठाउनु पर्ने हुन्छ। त्यसो हुँदा समयाभाव हुन गई जिल्ला अधिवेशनमा ढिलाई हुनसक्ने सम्भावनालाई मध्येनजर गर्दै भदौ महिनादेखि नै स्थानीय अधिवेशनमा जोड दिन आवश्यक छ। यसलाई केन्द्रीय तहबाटै निर्देशन गरिँदा उत्तम हुने देखिन्छ। जिल्लाका प्रतिनिधीहरु गाउँगाउँमा जान आवश्यक छ। स्थानीय परिषद् सदस्यहरुलाई राप्रपाको उद्देश्य, आगामी रणनीति तथा उनीहरुको दायित्व एवम् कर्तव्य बारे प्रशिक्षण दिनु जरुरी छ। त्यसो गर्नाले राप्रपामा आस्था राख्नेहरुको मनोवल उच्च हुनुको साथै जिम्मेवारी र अपनत्वको पनि बोध हुनेछ।

गत साउन ६ गते केपी ओलीले विश्वासको दुई तिहाई मत प्राप्त गर्दै हाल गठवन्धन सरकार प्रमुखको रुपमा देशको प्रधानमन्त्री बनेको जगजाहेर छ। हुन त ओली संविधानको चोरबाटोबाट अर्थात नेपालको संविधानको धारा ७६.२ बमोजिम सरकारमा आएको छ, जुन संवैधानिक होइन। संविधानतः धारा ७६.३ बमोजिम सबैभन्दा ठुलो दल नेपाली काँग्रेसको सरकार बन्नु पर्थ्यो, तर त्यसो भएन। त्यसैले यो सरकार असंवैधानिक हो र केपीको पद खारेज गरी संविधानतः ७६.३ बमोजिमको सरकार बनोस भनेर सर्वोच्चमा रिट दायर भएको छ र निकट भविष्यमै संवैधानिक इजलाशबाट फैसला पनि हुनेछ।

फैसला के हुन्छ थाहा छैन तर विडम्बना के छ भने प्रधानमन्त्री बनेको २४ घण्टा भाको छैन, उसका ६ जना उद्योगी व्यवसायी भनेर चिनिने मारवाडी मतियारहरुले १० वर्षदेखि तिर्नुपर्ने विद्युत प्राधिकरणको ८ अर्ब २६ करोड राजश्व तिर्न नपर्ने र काटिएको विद्युत लाइन तुरुन्त जडान गर्नु भनेर प्रबन्ध निर्देशकलाई उद्योग व्यावसायीहरुकै अगाडि राणाकालिन शासन जस्तो ठाडो आदेश दिन्छन् र प्रबन्ध निर्देशक जस्तो गरिमामय पदको खिल्ली उडाउँछ। ओलीको यस हर्कतबाट ऊ कतिको देशप्रेमी रहेछ। राष्ट्र र जनतालाई माया गर्दा रहेछन् कि मतियारलाई भन्नेत प्रष्टै बुझियो नि, हैन त ?

अर्को कुरा, यदि धारा ७६.३ बमोजिम देउवा नै प्रधानमन्त्री बनेछ भनेपनि नेपाली जनताले पाउने चाहीँ के हो र ? पाँचौं पटक प्रधानमन्त्री बन्दासम्म भएभरको खोलानाला बेच्यो, उद्योग र कारखानाहरु बन्द गरायो। युवालाई खाडीमा लखेट्यो। कसैलाई भुटानी शरणार्थी बनाएर बेच्यो। अब छैठौं पटक प्रधानमन्त्री बन्यो भने देशै बेच्ने होला। किनकी के नै बाँकी छ र ? त्यसैले देउवा र ओली किमार्थ राष्ट्रवादी र देशभक्त होइनन्। न त यिनीहरुले भुटानी शरणार्थीहरुको फाइल खोल्नेछ, न त गिरीवन्धु टी-स्टेटको नै फाइल खोल्नेछ। टेरामोक्स, सेक्युरिटी प्रिन्टिङ प्रेस, ललिता निवास, यती, ओम्नी, गोकर्ण र गोदावरी रिसोर्ट, टिकापुर, वाइड बडी, न्यारो वडी, लाउडा, धमिजा चाइना चेज एयर तथा सहकारी र सुन तस्करीहरुलाई कारबाही गर्नेको त कुरै नगरौं। त्यसैले यस्ताहरुबाट देशको विकास र राजनीतिक निकास आउँछ भन्नु साँढेको टाँगमुनि बाल्टिन राखेर दुध आउँछ भन्नु जस्तै हो।

यस्ता राष्ट्रघाती दलालहरुको बाटो नहेरी देश र जनताको अत्यन्त आवश्यक मुद्दाहरुमा हामीले आवाज उठाउन जरुरी भएकोले राप्रपाको स्थानीय तहदेखि जिल्ला कार्यसमिति हुँदै केन्द्रसम्म हाम्रो सल्लाह तथा सुझावयुक्त सन्देशहरु पुगोस् जस्ले पार्टीभित्र नयाँ रक्तसंचार गराउन मद्दत मिल्नेछ। जय राष्ट्रवाद।

*(मोक्तान राप्रपा मकवानपुर जिल्ला समितिका सल्लाहकार हुनुहुन्छ ।)*


## शिक्षक आवश्यकता

*दोस्रो पटक सूचना प्रकाशित मितिः २०८१/०४/१८*

उपरोक्त सम्बन्धमा शिक्षा विकास महाशाखा, हेटौंडा उपमहानगरपालिकाको मिति २०८१।०१।१८ को पदपूर्ति अनुमतिपत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८१।०२।१४ को बैठकको निर्णय अनुसार यस विद्यालयलाई तपसिल बमोजिमको शिक्षक आवश्यक परेको हुँदा उक्त पदपूर्तिका लागि योग्य, इच्छुक नेपाली नागरिकबाट दरखास्त आव्हानसहित विज्ञापन प्रकाशित गरिएको छ।

**विज्ञापन नं. ०१/०८१/०८२**
विषयः लेखाविधि
तह/पदः साविक उमावि शिक्षक/मावि द्वितीय सरह
प्रकारः उमावि अनुदान करार
संख्याः १ (एक)
बाञ्छनीय योग्यताः व्यवस्थापन संकायका सबै विषय र सामाजिक अध्ययन विषय अध्यापन गर्नुपर्ने।

१. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
२. न्यूनतम् शैक्षिक योग्यता : व्यवस्थापन संकायबाट कम्तिमा द्वितीय श्रेणीमा स्नात्तकोत्तर तह वा सो सरह उतीर्ण गरेको।
३. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता (संशोधन नयाँ पाठ्यक्रम अनुसार), आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा।
४. तलब भत्ता : नेपाल सरकारको राहत कोटाको लागि तोकिए बमोजिम।
५. दरखास्त दस्तुर : निवेदन साथ रु.२,५००।- (दुई हजार पाँच सय मात्र) को बैंकभौतर (०२५००१००४४१७९४००००००१) पेश गर्नुपर्ने।
६. दरखास्त दिने अन्तिम दिन : दोस्रोपटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र विद्यालय समयमा (२०८१/०४/३२)
७. दरखास्त दिने स्थान : विद्यालयको प्रशासनिक कक्ष।
८. सम्पर्क मिति : दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट।
९. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइने छ।
१०. आवश्यक कागजातहरु :
क) नेपाली/अंग्रेजी माध्यममा हस्तलिखित निवेदन-२ थान
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि २ थान
ग) SLC/SEE देखि माथिका शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रहरुको प्रतिलिपि २/२ थान।
३) अध्यापन अनुमतिपत्रको प्रतिलिपि-२ थान
११. शिक्षक सेवा आयोगबाट लिएको पछिल्लो परीक्षाको करार सूचीमा नाम सूचीकृत भएका उम्मेदवारहरुले विज्ञापन भएको
मितिले ७ दिन भित्रमा निवेदन दर्ता गर्नुपर्नेछ।
ईमेल jjhsshtd@gmail.com
सम्पर्क नं. ९८४५३७३८०४/९८०४२८५१०८

**श्री जनज्योति माध्यमिक विद्यालय**
**हेटौंडा उपमहानगरपालिका-१४, मयुरधाप**



## हार्दिक समवेदना



जन्मः २००४/११/२९
**स्व. मोहनकुमारी बज्राचार्य**
स्वर्गारोहणः २०८१/०४/१७

**यस हेटौंडा राइडर्स क्लबका कोषाध्यक्ष वीरेन्द्र बज्राचार्यकी ममतामयी आमा मोहनकुमारी बज्राचार्यको निधनको खबरले हामी मर्माहत भएका छौं। यस दुखद् घडीमा स्वर्गीय आमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।**

**विकास ताम्राकार, अध्यक्ष**
**एवम् हेटौंडा राइडर्स क्लब परिवार**
**हेटौंडा, मकवानपुर**



## समृद्धि फाइनान्स कम्पनी लिमिटेड

मुख्य कार्यालय हेटौंडा, मकवानपुर।

**कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना**

*सूचना प्रकाशित मितिः २०८१/०४/१८*

यस समृद्धि फाइनान्स कम्पनी लिमिटेडका तपसिलमा उल्लेखित तपाई ऋणीले यस वित्तीय संस्थाबाट विभिन्न प्रकारको कर्मचारी सहुलियत कर्जाहरु उपभोग गर्नुभएकोमा तपाईले कर्जा रकम चुक्ता भुक्तान गर्नुपूर्व संस्था छोडी जानुभएको र तपाईलाई यस संस्थाबाट पटक-पटक कर्जाको साँवा, ब्याज लगायत अन्य रकम चुक्ता/भुक्तान गर्न मौखिक एवम् लिखित सूचना जारी गर्दा समेत तपाईले बैंकसँग गरेको शर्तहरु उल्लङ्घन गरी कर्जा चुक्ता गर्न तर्फ कुनै तदारुकता तथा चासो नदेखाई बेवास्ता गर्दै आउनु भएकोले कर्जा चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम चुक्ता गरी सुरक्षण वापत् राख्नु भएको धितो सम्पत्ति फुकुवा गरी लिनु होला। अन्यथा तपाईले कर्जा उपभोग गर्दा राख्नु भएको धितो सुरक्षण सम्पत्ति प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन २०८०, ऋण असुली ऐन २०५८ तथा ऋण असुली नियमावली २०५९, संस्थाको नीति नियम लगायत प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी यस संस्थाले बक्यौता कर्जा रकम असुल उपर गरी लिने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ। कर्जा रकम असुल उपर हुन नसकेको खण्डमा ऋणी तथा जमानीकर्ताको श्रीसम्पत्ति जो जे हुन्छ सो समेतबाट असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणी लगायत जमानीकर्ता सबैलाई जानकारी गराईन्छ। साथै कर्जासँग सम्बन्धित ऋणी र जमानीकर्तालाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखी आवश्यक कानूनी कारवाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत जमानी दिनेको विवरण |
|---|---|
| नामः निश्चल लम्साल<br>बुवाः अग्नि कुमार लम्साल<br>आमाः मञ्जु लम्साल<br>बाजेः मुक्तिनाथ लम्साल<br>ठेगानाः हेटौंडा-११, मकवानपुर<br>ना.प्र.नं. ३१-०१-७१-००८२७ जि.प्र.का. मकवानपुर जारी मिति २०७१/०१/२३<br>कर्जा शिर्षक : कर्मचारी आवास कर्जा, कर्मचारी अधिविकर्ष कर्जा, सवारी साधन कर्जा | नामः स्मारिका पौडेल<br>बुवाः ठाकुर प्रसाद पौडेल<br>आमाः राधिका पौडेल<br>बाजेः राधाकृष्ण पौडेल<br>ठेगानाः हेटौंडा-११, मकवानपुर<br>ना.प्र.नं. ३१-०१-६९-०३६७० जि.प्र.का. मकवानपुर जारी मिति २०६९/०४/०८ |
| धितोको विवरण | |
| स्मारिका पौडेलको नाममा दर्ता भई यस संस्थाको नाममा दृष्टिबन्धक भएको जिल्ला ललितपुर झरुवारासी-०६, क्षेत्रफल ०-३-०-० कि.नं. ७१३ को जग्गा-१<br>र<br>बागमती प्रदेश ०२/०२१ प ६५७३ को टि.भि.एस कम्पनीको स्कुटर थान-१ | |

# एमाले केन्द्रीय सदस्यमा मकवानपुरका बर्तौला

समाज संवाददाता

हेटौंडाः नेकपा एमालेको केन्द्रीय सदस्यमा मकवानपुरका महेशकुमार बर्तौला मनोनित हुनुभएको छ। बिहीबार बसेको सचिवालय बैठकले बर्तौलालाई केन्द्रीय सदस्य मनोनित गरेको हो।

सत्तापक्ष दलको मुख्य सचेतक रहनुभएका बर्तौला मकवानपुर क्षेत्र नम्बर-२ बाट निर्वाचित सांसद हुनुहुन्छ। विद्यार्थी राजनीतिबाट पार्टीको मुलधारको राजनीतिमा होमिनु भएका बर्तौला यसअघि एमाले बागमती प्रदेश कमिटीको उपसचिव पदको जिम्मेवारीमा हुनुहुन्थ्यो। एमाले बागमती प्रदेशको केही समयअघि सम्पन्न अधिवेशनमा कुनै पनि पदमा प्रतिस्पर्धा नगर्नुभएका बर्तौलालाई केन्द्रीय सदस्यमा मनोनित गरिएको हो।

बैठकले बर्तौलासहित १७ जनालाई केन्द्रीय सदस्य मनोनित गरेको छ। केन्द्रीय सदस्यमा मनोनित हुनेमा सुवास कर्माचार्य (सिन्धुपाल्चोक), कुन्दन कुशवाह (रौतहट), जितेन्द्र देव (सुनसरी), रामप्रित राम (सिरहा), कृष्णभक्त पोखरेल (चितवन), कमलकृष्ण तिमिल्सिना (अछाम), गोविन्द पुन (सल्यान), केदार सिग्देल (तनहुँ), मनमोहन पौडेल (पर्वत), भरदेव जोशी (दार्चुला), हरि उप्रेती (सर्लाही), इन्द्र भण्डारी (झापा), महेश बर्तौला (मकवानपुर) छन्। त्यसैगरी सरिता भुसाल (किसान महासंघ), प्रभा बराल (कास्की), मञ्जु शर्मा चालिसे (बागलुङ) र आशा जवेगु (पाँचथर) रहेका छन्।

त्यसैगरी एमालेले निर्वाचन आयोगमा अमनसिंह तामाङ (सिन्धुपाल्चोक), झवी पोखरेल (कपिलवस्तु), नर्मदा भण्डारी (गुल्मी), रत्ना गुरुङ (काठमाडौं) र कमला केसी (कैलाली) पनि केन्द्रीय सदस्यमा मनोनित गरेको छ। यसैगरी मायानाथ अधिकारी अनुशासन आयोगको सदस्यमा मनोनित हुनुभएको छ।

एमालेले सल्लाहकार परिषद् सदस्यमा मकवानपुरका कृष्णप्रसाद दाहाललाई मनोनित गरिएको छ। गत प्रदेश अधिवेशनमा अध्यक्ष पदमा रामेछापका कैलाश ढुंगेलसँग पराजित हुनुभएका दाहाललाई परिषद् सदस्यको जिम्मेवारी दिएको हो। उहाँसँगै मकवानपुरका सुवासचन्द्र ठकुरी पनि सदस्य मनोनित हुनुभएको छ।

बागमती प्रदेशका पूर्वसभामुख सानु श्रेष्ठलाई पनि परिषद्को सदस्य मनोनित हुनुभएको छ। प्रदेश अध्यक्ष बन्ने होडमा रहनुभएका श्रेष्ठले अधिवेशनका क्रममा ढुंगेललाई सघाएर उम्मेवारको दावी फिर्ता गर्नुभएको थियो। उहाँसँगै परिषद्को सदस्यमा कुलानन्द गिरी (रोल्पा), महेन्द्र थापा (रोल्पा), पीएल श्रेष्ठ (तनहुँ), शिवचन्द्र कुसवाह (बारा), रामप्रित पासवान (सप्तरी), एकवाल मियाँ (कपिलवस्तु), डा. गोपाल खनाल (नवलपुर), खालित हुसेन हक (सुनसरी), हरि रिजाल (प्युठान), प्रेमबहादुर सिंह (कालिकोट), बिनु ढकाल (मोरङ), सिर्जना शर्मा (गण्डकी), प्रदीप भण्डारी (कोशी), अर्जुनबहादुर थापा (सुदूरपश्चिम), श्याम ढकाल (बर्दिया), नारायण मरासिनी (स्याङ्जा), धनेन्द्र घिमिरे (पाल्पा), नन्दलाल रोकाया (बाँके), जनक पौडेल (बागलुङ), मेघनाथ सुवेदी (पर्वत), नारायण मलासी (डोटी) पनि मनोनित भएका छन्।

यस्तै, शान्तकुमार ओली (रोल्पा), विना ज्ञवाली (बर्दिया), हरि पोखरेल (खोटाङ), कवीन्द्र शेखर रिमाल (काठमाडौं), सर्वध्वज सावा लिम्बु (सुनसरी), गणेशसिंह धामी (दार्चुला), नन्दकेशर ढकाल (रुपन्देही), लक्ष्मीप्रसाद जोशी (डडेलधुरा), रामहरि सुवेदी (काभ्रे), सरस्वती वाटी (भक्तपुर) लगायतलाई परिषद् सदस्यमा मनोनित गरिएको छ।

# ८ जनालाई डेंगु पुष्टि

समाज संवाददाता

हेटौंडाः मकवानपुरको हेटौंडा उपमहानगरपालिकामा बिहीबार ८ जनालाई डेंगु पुष्टि भएको छ। जनस्वास्थ्य कार्यालयको तथ्याङ्कअनुसार हेटौंडाका ६ जना महिला र २ जना पुरुषलाई डेंगु संक्रमण भएको हो। चालु आर्थिक वर्षको साउन महिनामा हेटौंडाका २२ जना बासिन्दामा डेंगु पुष्टि भइसकेको छ। जिल्लामा १० जना पुरुष र १६ जना महिला गरी २६ जनामा डेंगु सक्रमण पुष्टि भइसकेको जनस्वास्थ्य कार्यालयले जनाएको छ। मकवानपुरगढी गाउँपालिकाका ३ जना र बकैया गाउँपालिकाका एक जनामा डेंगु भेटिएको हो।

# एमाले बागमतीको इन्चार्जमा भट्टराई

समाज संवाददाता

हेटौंडाः नेकपा एमालेले बागमती प्रदेश इन्चार्जको जिम्मेवारी राजन भट्टराईलाई तोकिएको छ। बिहीबार बसेको एमाले सचिवालय बैठकले भट्राईलाई बागमतीको इन्चार्ज तोकेको हो।

एमालेले यसअघि फरक भूगोलमा नेताहरुको जिम्मेवारी दिएको थियो। हाल त्यसलाई परिवर्तन गर्दै सम्बन्धित भूगोलका आधारमा प्रदेश इन्चार्ज बनाएको छ। बैठकले बागमतीसहित अन्य ६ प्रदेशको समेत इन्चार्ज तोकेको छ। बैठकले कोशी प्रदेशको इन्चार्जमा शेरधन राई, मधेसमा लीलानाथ श्रेष्ठ, गण्डकीमा किरण गुरुङ, लुम्बिनीमा पद्मा अर्याल, कर्णालीमा गोरखबहादुर बोगटी र सुदूरपश्चिममा लेखराज भट्टलाई इन्चार्ज तोकेको छ।

# लागुऔषध गाँजासहित ३ जना पक्राउ



लागुऔषध गाँजासहित पक्राउ परेका बिनोद र सुनिता ।

समाज संवाददाता

हेटौंडाः लागुऔषध गाँजासहित ३ जनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ। बिहिबार बिहान फरक-फरक समयमा हेटौंडा-१५ रातोमाटेबाट ३ जनालाई लागुऔषध गाँजासहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

प्रहरीले बिहिबार बिहान ५ बजेर ३० मिनेटको समयमा हेटौंडा-१५, राटोमाटे चेकपोष्टमा हेटौंडाबाट पथलैयातर्फ जाँदै गरेको प्रदेश ०३-००१ च २११६ नम्बरको स्कार्पियो गाडीलाई रोकेर सुरक्षाजाँच गर्ने क्रममा हेटौंडा-५ का ३४ वर्षीय बिनोद सेवा र गाडीमा सवार हेटौंडा-१३ की ३५ वर्षीया सुनिता तामाङलाई लागुऔषध गाँजा ३३ केजीसहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ।

यस्तै बिहिबार बिहान १० बजेर ५ मिनेटको समयमा मकवानपुर प्रहरीले लागुऔषध गाँजा १८ किलो ५ सय ग्रामसहित एकजना भारतीय नागरिकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा भारतको बेतिया जिल्लाका ३० वर्षीय मुसादेव आलम रहेका छन्। हेटौंडा-१५, राटोमाटेमा हेटौंडाबाट पथलैयातर्फ जाँदै गरेको बीआर ०५ पी बी ७३६४ नम्बरको अटोलाई रोकी सुरक्षाजाँच गर्ने क्रममा अटोको पछाडिको सिटमुनी लुगाएर राखिएको लागुऔषध गाजा प्रहरीले बरामद गरेको हो। प्रहरीले मकवानपुर जिल्ला अदालतबाट ७ दिनको म्याद लिई तीनैजनालाई हिरासतमा राखेर अनुसन्धान गरिरहेको छ।

# बकैयामा शिक्षक बैंकका लागि शनिबार अन्तरवार्ता हुने

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकाले शिक्षक बैङ्कको लागि खुला गरेको विज्ञापनको लिखित परीक्षाबाट ५७ जना अन्तरवार्ताका लागि छनोट भएका छन। छनोट भएका ५७ जना शिक्षकहरुको अन्तरवाता शनिबार गरिने गाउँपालिकाको शिक्षा शाखा प्रमुख आइतराम तामाङले जानकारी दिनुभयो।

शिक्षक छनोटका लागि साउन १३ देखि १५ गतेसम्म भएको परीक्षाबाट प्राविमा ३६, निमाविमा ८ र माविमा १३ जना गरी ५७ जना शिक्षक अन्तरवार्ताका लागि छनोट भएको तामाङले जानकारी दिनुभयो। गाउँपालिकाले माग गरेअनुसार शिक्षक नआएको हुनाले अन्तरवार्ता पश्चात् फेरि पनि आवेदन खुलाउने भएको छ। गाउँपालिकाले प्राथमिक तहको लागि ५० जना शिक्षक माग गरेको थियो। निमावि र माविमा विषयगत १०-१० जना शिक्षकको लागि आवेदन खुलाएको थियो।

७० जना शिक्षकका लागि गाउँपालिकाले माग गरेको विज्ञापनमा ४ सय ४५ जनाले आवेदन दिएका थिए। पहिलो चरणको परीक्षामा पनि सबैले परीक्षा नदिएको उहाँले बताउनुभयो। परीक्षा दिएकामध्ये प्राविबाट ७९ जना, निमाविबाट २४ जना र माविबाट २५ जना गरी १ सय २८ जना दोस्रो परीक्षाका लागि सफल भएका थिए। दोस्रो चरणमा सबैजना परीक्षामा उपस्थित नभएको तामाङले जानकारी दिनुभयो।

दोस्रो चरणको लिखित परीक्षामा माविको साउन १३ गते, निमाविको १४ गते र प्राविको १५ गते सञ्चालन भएको थियो। गाउँपालिका अन्तर्गतको विद्यालयमा अहिले गणित र विज्ञानका शिक्षकको आवश्यकता रहेको जनाइएको छ। यस वर्ष गाउँपालिकाभित्र रहेका ७६ वटा विद्यालयहरुमा ८ हजार ३ सय ८३ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन्।

गाउँपालिकाले कुनै विषयको शिक्षक लामो समय विदामा बस्नुपर्दा विद्यार्थीको पठनपाठन र परीक्षा प्रभावित नहोस् भन्ने उद्देश्यले उक्त शिक्षकहरुको माग गरिएको शिक्षा शाखा प्रमुख तामाङले बताउनुभयो। गाउँपालिकाले आवेदकको परीक्षा लिएर उत्तीर्णहरुमध्येबाट शिक्षक प्रतीक्षा सूची तयार गर्ने र विद्यालयमा कार्यरत शिक्षक लामो समय बिदामा बस्दा बिदा अवधिभर उक्त प्रतीक्षा सूचीमा सूचीकृत शिक्षकलाई गाउँपालिकाले खटाउने उहाँले बताउनुभयो। गाउँपालिकाअन्तर्गत प्रावि ५३ वटा, मावि १२ वटा र ११ वटा निमावि गरी ७६ वटा विद्यालयहरु रहेका छन्।

## अस्पतालमा १४३..

माग गर्दा ३ जनाले आवेदन दिएका छन्।

हेटौंडा अस्पतालले ९ औं तहका एक जना सामान्य चिकित्सक परामर्शदाता (कन्सल्टेण्ट जनरल फिजिसिएन) र नाक कान घाँटीका परामर्शदाता, ८ औं तहका होमियोप्याथिक चिकित्सक र चिकित्सा अधिकारी (मेडिकल अफिसर), ७ औं तहका नर्सिङ अधिकृत, फिजियोथेरापिष्ट, रेडियोग्राफी टेक्नोलोजिष्ट र माइक्रोबायोलोजिष्ट, ५ औं तहका फार्मेसी सहायक, ल्याब टेक्निसियन, मेडिकल रेकर्डर सुपरभाइजर, रेडियोग्राफर, स्टार्फ नर्स, हेल्थ असिस्टेन्ट, एनेस्थेटिक सहायक, डेन्टल हाएजिनिष्ट र डार्करुम सहायक (रेडियोग्राफर) को माग गरेको हो।

२०८० सालको भदौ महिनामा बागमती प्रदेशको स्वास्थ्य निर्देशनालयले उपलब्ध गराएको एक सय ३० जनाको अस्थायी दरबन्दीमा पदपूर्तिका लागि विज्ञापन गरिएको थियो। एकसय ३० जना कर्मचारीको मागगर्दा २ हजार २ सय ५९ जनाले आवेदन दिएका थिए।

# ७५ लाख रुपैयाँको अवैध सामान बरामद

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रहरी कार्यालय बाराले ७५ लाख रुपैयाँभन्दा बढीको अवैध सामान नियन्त्रणमा लिएको छ। बुधबार राति ११ बजेर २३ मिनेटको समयमा ७५ लाख ११ हजार रुपैयाँ बराबरको अवैध सामानसहितको ट्रक नियन्त्रणमा लिएको हो।

बिहीबार एक सूचना जारी गर्दै जिल्ला प्रहरी कार्यालय बाराले विशेष सूचनाको आधारमा अवैध सामानसहितको ट्रकलाई नियन्त्रणमा लिएको जानकारी दिएको छ। प्रहरी चौकी पथलैयाबाट प्रहरी वरिष्ठ नायव निरीक्षक नरेशबहादुर शाहीको कमाण्डमा खटिएको प्रहरी टोलीले जीतपुर सिमरा उपमहानगरपालिका वडा नम्बर-१, पथलैयाबाट उक्त सामान बरामद गरेको हो।

वीरगञ्जबाट काठमाडौंतर्फ जाँदै गरेको प्र २-०३-००१ ख ३६८९ नम्बरको ट्रकलाई रोकी चेजजाँच गर्दा भरपाई गरेको बिलभन्दा बढिको श्रोत नखुलेको सामान ट्रकमा पाइएको हो। ट्रकबाट मोविल, कस्मेटिक, मेशनरी पार्ट, ब्याट्री, चना र अन्य सामानहरु फेला परेको बताइको छ। प्रहरीले अवैध सामानसहित ट्रकलाई नियन्त्रणमा लिएर कारवाहीको लागि राजस्व अनुशसन्धान कार्यालय पथलैया पठाएको छ।

# १७ औं स्थापना दिवसमा रक्तदान

समाज संवाददाता

हेटौंडाः परिवर्तन बचत तथा ऋण सहकारी संस्था लिमिटेडले १७ औं स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम आयोजना गरेको छ। बिहीबार हेटौंडा उपमहानगरपालिका-३ स्थित बसामाडीमा भएको रक्तदान कार्यक्रममा १४ जनाले रक्तदान गरेका छन्।

रक्तदान गर्नेमा २ जना महिला र १२ जना पुरुष रहेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो। कार्यक्रममा सहकारी संस्थाकी अध्यक्ष शर्मिला न्यौपानेले दीप प्रज्वलित गर्नुभएको थियो। यस्तै, २५ गते शुक्रबार हेटौंडा-१० स्थित विद्युत् प्राधिकरणमा रक्तदान कार्यक्रम हुने भएको छ। बिहीबार भएको रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो।

## एसईई २०८० को ग्रेडवृद्धि पुरक परीक्षाको केन्द्र र केन्द्राध्यक्षको विवरणसम्बन्धी जरुरी सूचना

जिल्ला परीक्षा समन्वय समितिको मिति २०८१/०३/२८ को निर्णयानुसार निम्न विद्यालयहरुमा ग्रेडवृद्धि परीक्षा २०८० को परीक्षा केन्द्रहरु निर्धारण भएको छ।

शिक्षा विकास तथा समन्वय इकाइ,

**मकवानपुर एसईई परीक्षा २०८० को परीक्षा केन्द्र, विद्यार्थी संख्या र केन्द्राध्यक्षहरुको विवरण, मकवानपुर**

| सि.नं. | परीक्षा केन्द्रको नाम | जम्मा विद्यार्थी संख्या |
|---|---|---|
| १. | बुद्ध मावि हात्तीसुँडे केन्द्र (कोड नम्बर ३३०२२) | ५२३ |
| २. | जनकल्याण मावि पालुङ केन्द्र(कोड नम्बर ३३००५) | ४८२ |
| ३. | राष्ट्रिय रोटरी मावि मनहरी केन्द्र (कोड नम्बर ३३०८०) | ४८५ |
| ४. | आधुनिक राष्ट्रिय मावि केन्द्र (कोड नम्बर ३३००३) | ६२७ |
| ५. | भुटनदेवी मावि हेटौंडा केन्द्र (कोड नम्बर ३३००१) | ४८४ |
| ६. | सिद्धार्थ मावि हेटौंडा केन्द्र (कोड नम्बर ३३०११) | ५३७ |
| ७. | बालजागृति इंग्लिस बोर्डिङ स्कूल (कोड नम्बर ३३०६९) | ३८१ |
| ८. | श्रमिक मावि कर्रा हेटौंडा (कोड नम्बर ३३०१४) | ३३८ |
| | जम्मा | ३८५७ |

**नोटः**
परीक्षा मितिः २०८१/०४/२३ गतेदेखि ३१ गतेसम्म बिहान ११:०० बजेदेखि २:०० बजेसम्म।

शोरूम सरेको सूचना



हेटौंडा-१०, मेनरोडस्थित चित्र भवनमा रहेको Aprilia र Vespa ब्राण्डको स्कुटर शोरुम हेटौंडा-४, मेनरोडस्थित सुमार्गी कम्प्लेक्समा सरेको हुँदा सम्पूर्ण सेवाग्राहीमा जानकारीका लागि अनुरोध गरिन्छ।

RS Lifestyles
हेटौंडा-१०, सुमार्गी कम्प्लेक्स
९८०२९८८७६०

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ